Received Date: Jan. 2022 Revised: Feb. 2022 Accepted: Mar. 2022

# *मतयाः*पर्व सांस्कृतिक एकताको प्रतिक

**डा. राजनलाल (रास) जोशी**
सहप्राध्यापक
नेपालभाषा केन्द्रीय विभाग, त्रि.वि.
Email: rajan.joshi@cdnb.tu.edu.np

**लेख सार**

*उपत्यकाको सांस्कृतिक पर्वमध्ये ललितपुरको मतयाःपर्व विशिष्ट रहेको छ । भाद्रकृष्ण द्वितीयाका दिन मृतकको आत्माले शान्ति र निर्वाण पाउन भनी ललितपुरका बौद्ध र अन्यधार्मिक सम्पदा स्थलमा दीपयात्रा गरी मनाइने मतयाः पुराकथाको परम्परा बोकेर अघि बढेको छ । गुणकारण्डव्यूह सूत्रको चैत्य पुङ्गावदानमा उल्लेखित शशिपटनका राजा सिंहकेतुको मृत्युपश्चात् राँगोको रूपमा जन्मिएर मृत्युपछि उनको सिङको बाजाबजाइ देवस्थल परिक्रमा गरेर प्रारम्भ भएको मतयाः धार्मिक एवं सामाजिक समन्वयको प्रतिकको रूपमा लिन सकिन्छ । श्रावणशुक्लपूर्णिमाका अघिल्लो दिन कुम्भेश्वरमा नौबाजा बजाइ प्रारम्भ हुने मतयाः बौद्धकथामा आधारित भएपनि शिव र शिवगणको अनिवार्य उपस्थिति रहेको छ । मतयाःमा धार्मिक सम्पदा स्थलमा दानपारमिताको महत्व दर्शाउन दीपदानसँगै पुस्तक, विभिन्न मिठाइ र अन्य सामग्रीको दानदिने गरिन्छ । आफ्ना स्वजनको मृत्युमा मात्रै होइन अन्य जो कोही मृत्यु भएकाहरूको आत्माका शान्ति कामना गर्दै ललितपुरका चारथूर भित्रका बौद्ध सम्पदास्थल परिक्रमा गर्ने गरिन्छ । चारथूरलाई आधार मानीगरिने यस उत्सवमा जातीय भेदभाव नरहेको मतयाःलाई कुशल समाजको निर्माणको अनुपम नमूनाको रूपमा लिन सकिन्छ ।*

**शब्दकुञ्जिकाः** बुद्ध, *मतयाः*, *श्रृंगभेरी*, स्तूप, *बोगी* ।

**परिचय**

भौगोलिक रूपमा उपत्यकाको आकार २५x१९ वर्गकि.मि. छ । यहाँको सांस्कृतिक विविधतालाई दृष्टिगत गरेको खण्डमा सानो भूबनौट भित्रपनि अतुलनीय सम्पदाहरू अटेका छन् । यहाँका मूलबासीका रूपमा रहेका नेवार समुदाय र उनीहरूले मनाउँदै आएको विविध धर्मको पनि विशिष्ट रूपमा अध्ययन गर्न सकिने अवस्थाछ । इतिहासको कालखण्डमा विभिन्न स्थानबाट प्रारम्भिक अवस्थामा उपत्यकाप्रवेश गरेका नेवारहरू आफैँमा विविधता रहेका छन् । अर्कोतर्फ नेवारहरूको श्रद्धा र आस्थाको प्रतिकको रूपमा रहेको धर्ममापनि विश्वका अन्य स्थानका बासिन्दाले मनाउँदै आएका धर्मभन्दा पृथकछन् । फलतः उपत्यकाको सम्पदा र सम्पदा निर्माण गर्ने नेवारहरूको विविधताले भरिएको सभ्यताका कारण सिंगो उपत्यकालाई नै खुल्ला संग्रहालयको रूपमा चित्रण गर्न सकिने अवस्था रहेको छ । उपत्यकामा रहेको खुल्ला संग्रहालयको एक पाटोको रूपमा रहेको छ - ललितपुरको *मतयाः* । मतको शाब्दिक अर्थ बत्ती अर्थात् ज्ञानदीप र *याः*को अर्थ यात्रा हो । त्यसैले मतयाःदीपयात्रासँग सम्बन्धित छ । बौद्ध धर्मालम्वीहरू बीच बुद्धले बुद्धत्व प्राप्त गरेको उपलक्ष्यमा दीप प्रज्ज्वलन गरी यात्रा गरेको अर्थमा *मतयाः* अर्थात् दीपयात्रालाई लिइन्छ । स्थानीय नेवार समुदायले भाद्रकृष्ण द्वितीयाका दिन ललितपुरभित्र अवस्थित मठमन्दिर, चैत्य एवं स्तुपहरूमा पुगी आत्मिक रूपमा मृतकजनको निर्वाण र शान्तिको कामना गर्दै दीप चढाउँदै यात्रा गर्ने गर्दछन् । देवदेवीका स्थलमा राँगाको सिङको बाजा फुक्दै दीप चढाउँदै मनाइने *मतयाः*को नाम आफैँमा पूर्णता रहेको देखिन्छ । फलतः शताव्दीयौँ पुरानो मतयाः परम्परा अपभ्रंश भएको छैन । आफ्नो उपादेयता र महत्वलाई कायम राखी *मतयाः* पर्वले हालसम्म दीपयात्रा गर्दै आइरहेका छन् ।

### समस्या र उद्देश्य

ललितपुरको मतयाःको सांस्कृतिक सामाजिक मूल्यमान्यता बारे जान्न सकिएको छैन। ललितपुरको मतयाःपर्व बारे धेरै किसिमका लेखहरू प्रकाशित भए पनि यसबारे एकिकृत रूपमा विश्लेषणात्मक निचोडको आवश्यकता तड्कारो रहेको छ। त्यसैले प्रस्तुत लेखमा ललितपुरको मतयाःपर्वको सांस्कृतिक सामाजिक मूल्य मान्यता पहिचान गर्नु रहेको छ।

### अध्ययनविधि

भाद्रकृष्ण द्वितीयाका दिन ललितपुरमा आयोजना हुने मतयाः पर्वको अध्ययनका लागि अवलोकन विधि समावेश गरिएको छ। मतयाःपर्वको अध्ययनका लागि आवश्यक सामग्री द्वितीयक स्रोतहरू उपयोग गरिएको छ।

### मतयाःपर्वको प्रारम्भ

मतयाः पर्वको प्रारम्भ कहिले भयो भनी प्रामाणिक रूपमा भन्न सकिने अवस्था रहेको छैन। यद्यपि बुद्ध धर्मसँग सम्वन्धित गुणकारण्डब्यूह सूत्रको चैत्य पुङ्गावदानमा उल्लेखित शशिपटन देशका राजा सिंहकेतुको कथासँग जोडिएको सिङ बाजाको आधारमामतयाः पर्वलाई जोडेर हेर्ने गरेको पाइन्छ (धाख्वा, २०७४: ३४)।

### श्रृंगभेरी कथा

कथाअनुसार शशिपटनका सिंहकेतु दिनहुँशिकार खेल्न जान्थे। तर तिनकी रानी सुलक्षणा भने बुद्ध धर्मप्रति आस्थावान् थिए। तिनले राजा सिंहकेतुलाई शिकारको नाममा निरपराध पशुहरूको हिंसा नगर्न पटक पटक अनुनय गर्दा पनि राजाले शिकार बन्द गरेनन्। एवं क्रमले एक दिन राजा सिंहकेतुको काल गतिले निधन भए। रानी पनि सति गए। त्यसपछि अर्को जन्ममा रानी सुलक्षणा ब्राह्मण कूलमा रूपवति नामले जन्म लिए। सिंहकेतु सोही ब्राह्मणको घरमा राँगो भएर जन्म लिए। दिनहुँ राँगोलाई जंगलमा चराउने कार्य रूपवतिले नै गर्थे। यसरी राँगोलाई चराउन लाने क्रममा रूपवतिले आफू पूर्वजन्ममा रानी र राँगो राजा सिंहकेतु भनी थाहा पाए। त्यसपछिका दिनमा रूपवतिले राँगोलाई बढी स्याहार सुसार गरे। एकदिन उक्त राँगो अकस्मात् हराए। यसरी हराएका राँगोको खोजी गर्दा एक स्थानमा जंगली हिंस्रक जनावरले खाइसकेको राँगोको हाडखोर मात्र बाँकी रहेको फेलापारे। रूपवतिले उक्त हाडखोर जम्मा गरी बालुवाको चैत्य बनाइदिए। रूपवतिले राँगाको बायाँ सिङचैत्यमा गाडेर दायाँ सिङले खोलाको पानी भरी बुद्धको नाम वाचन गर्दै मृतकको आत्माले शान्ति पाउन भनी अभिषेक दिंदै सिङ बाजा बजाए। रूपवतिले नित्य गरी अभिषेक दिई सिङबाजा बजाउँदै गर्दा एक महिनापछि त्यस स्थलमा सुगन्धित पुष्प फुल्न थाले। चराचुरुंगीको आवाजले वन थप रमाइलो हुनपुगे। त्यस स्थलमा गगन भेदी आवाज आउनुका साथै सिङ पनि सुवर्णमय भए। गजुरको रूपमा गाडेको सिङ आकाशमा विलय हुन पुग्यो। रूपवतिको हातमा रहेको पानी चढाउन प्रयोग गरिने सिङको मुखबाट सुन्दर बालकको जन्म भए। यसरी उत्पत्ति भएका बालक हेर्दा हेर्दै युवकको रूप लिए। रूपवतिको अगाडी राँगोले मानिसको रूपधारण गरेपछि ती दुईबीच वैवाहिक सम्बन्ध कायम गरे। ती पुरुषको नाम भद्रसिंह केतु नामले प्रख्यात भए। त्यसैको स्मृतिमा अद्यापि मतयाः पर्वमा श्रृंगभेरी बजाउँदै आएको पाइन्छ (धाख्वा, २०७४: ३५)।

### मारविजय उत्सव

मतयाः पर्वलाई बुद्ध धर्म अन्तर्गतको महायानी बौद्ध ग्रन्थ ललितविस्तरको मारघर्षण परिवर्तः अध्यायमा तपस्यारत सिद्धार्थ कुमारमाथि तपस्याभंग गर्नका लागि गरिएको प्रहारसँग यो पर्वलाई लिने गरिन्छ। मारघर्षण परिवर्तः अध्यायअनुसार सिद्धार्थ कुमारले ६ वर्षसम्म कठोर तपस्या गर्दापनि बुद्धत्व प्राप्त गर्न असफल रहेपछि वोधिवृक्षको फेदीमागई बुद्धत्व प्राप्तिका लागि तपस्या गर्न पुगेका थिए। यसरी वोधिवृक्षको फेदीमा बसी बुद्धत्व प्राप्त गर्न लागेको अवस्थामा मारका राजा कृष्णवन्धुले सिद्धार्थ कुमारको तपभंग गर्न सैन्य दल बलसहित तपस्थलमा पुगे। विभिन्न जनावरका साथै रूप बेरूप, धेरै वटा हात खुट्टा एवं

टाउकोयुक्त विविध अस्त्रले सुसज्जित र सैन्यदल कोलाहल गरी सिद्धार्थकुमारको तपस्थल पुगी तपस्वी माथि आक्रमण गरे । तर सिद्धार्थ कुमारमाथि त्यसको कुनै प्रभाव परेन । सिद्धार्थ कुमारमाथि कुनै किसिमको असर नपरेपछि कृष्णवन्धुले सिद्धार्थ कुमार माथि आफ्नै राज्यमा गई राज्य संचालन गर्न सुझाउ दिए । कृष्णवन्धुको सुझाब सुनेपछि बोधिसत्वले आफुले सम्पूर्ण मानव अंगका साथै सम्पूर्ण श्रीसम्पत्ति नै दान दिइ आएको व्यक्ति हुनाले आफूलाई राज्यको आवश्यकता नरहेको भनी प्रतिक्रिया दिए । सिद्धार्थ कुमारको प्रतिक्रिया सुनेपछि कृष्णवन्धुले यस्को प्रमाण के छ भनी सोध्दा बोधिसत्वले भूमि स्पर्श गरे । यसरी भूमिस्पर्श गर्दा भूमिकम्पन हुनुका साथै देवीदेवताहरू प्रकट भए । भूमिकम्पनबाट प्रकट देवदेवीहरू कृष्णवन्धुका सेनामाथि जाइलागे र ती सेना भागे । यसरी मारगणमाथि विजय गरेपछि देवगण लगायतयक्ष, गन्धर्व, किन्नर लगायत सम्पूर्णले दीप प्रज्ज्वलन गरी सिद्धार्थ कुमारको अर्चना गर्न पुगे । यसैको निरन्तरता नै मतयाःहो भन्ने रहेको छ (वज्राचार्य, २०७०, ९) ।

**मतयाःको ऐतिहासिकता**

हालसम्म प्रामाणिक तिथि मितिसहितको मतयाः सम्बन्धी सामाग्री प्राप्त नभए तापनि मतयाःपर्व लिच्छवी राजा बालार्चनदेवले प्रारम्भ गरेको भन्ने मान्यता रहेको छ । लिच्छविराजा वृषदेवले मीननाथ स्थापना पश्चात् बालार्चन देवले दीपयात्राको प्रचलन ल्याएका थिए । बालार्चन देवसँग जोडिएको मतयाःलाई डानियल राइटले लिच्छवी राजा गुणकाम देवले व्यवस्थित गरेको उल्लेख गरेका छन् । (राइट, १८७७, १५५)। अभिलेखीय रूपमा मतयाःको उल्लेख नेपाल संवत् ७५८ मा सिद्धिनरसिंह मल्लको शासनकालमा मतयाः आयोजनाका लागि विभिन्न टोलहरूलाई जिम्मेवारी दिइएको वाहेक अन्य सामाग्री पाइएको छैन (वज्राचार्य,११०७, ६३) ।

**मतयाःको प्रक्रिया**

भाद्र कृष्ण द्वितीयाका दिन प्राचीन ललितपुर भित्रका चैत्य एवं स्तुप लगायतका मठ मन्दिरमा प्रदक्षिणा गरी दियो चढाउने र सिङ बाजा फुक्ने भएपनि श्रावणशुक्ल प्रतिपदाको दिनदेखि यो पर्वको तयारी शुरु गर्ने गर्छन् । मतयाःपर्वलाई व्यवस्थित रूपमा संचालन गर्नका लागि राजा सिद्धिनरसिंह मल्लले नेपाल संवत् ७५८ मा *मतयाः*लाई व्यवस्थित र पालैपालो संचालन गर्नका लागि मंगलबजार, चक्रबहिल, इखाछेँ, बुबहाल, हौगल, ओकुबहाल, इखालखु, कोबहाल, सौगल र नकबहिल गरी दश टोल निर्धारण गरेको थियो । सोहीअनुसार स्थानीय आयोजकले विशेष रूपमा पूजिंदै आएको नृत्य, गायन एवं वाद्यवादनका देवता नासःद्यः (नाट्यश्वर) मा बाजा बजाएपछि यो पर्वको विधिवत् रूपमा प्रारम्भ भएको मानिन्छ ।

श्रावण शुक्ल प्रतिपदाको मध्यरातमा *बोगी वनेगु* अर्थात *बोगी* गएपछि मतयाः पर्वको प्रारम्भ मानिन्छ । *बोगी* जाने क्रममा बुद्धसँग सम्वन्धित बुद्ध, पंचबुद्ध, उत्तमश्री, आदि उद्भव, मध्य वैलोचन, शारदा आदि स्तोत्र पढी मतयाः प्रदक्षिणापथको परिक्रमा गर्ने गर्छन् (शाक्य, २०७४, ६२) । मतयाःका आयोजकहरू *धाःबाजा*, *नेकूबाजा* (सिङबाजा/श्रृंगभेरी) बाँसुरी बजाउँदै चैत्य पूजा गर्दै अघि बढ्ने गर्छन् । श्रावणशुक्ल प्रतिपदाका दिनदेखि मध्यरातमा आयोजकको तर्फबाट वज्राचार्य पुरोहितको नेतृत्वमागरिने यो *बोगी वनेगु* बिहानको झिसमिसेसँगै काग कराएपछि विश्राम लिने गरिन्छ । *बोगी*ले विश्राम लिएपछि बाँकी रहेको अर्को यात्राअर्को दिनको मध्यरातदेखि प्रारम्भ गर्ने गरिन्छ । बिहानको झिसमिसेसँगै विश्राम लिंदै अर्को मध्यरातको प्रतिक्षा गरी यात्रा गरिने मतयाः अघिको *बोगी* श्रावणशुक्ल अष्टमीका दिन ललितपुरमा मनाइने पंजादान भन्दा अघि नै सम्पन्न गर्नुपर्ने विधान रहेको छ । मध्यरातमा गरिने यो यात्रालाई मतयाःपर्वको अवसरमा अवरोध नआओस् भनी बाटो निर्धारण गर्नका लागि आयोजना गरेको भन्ने धारणा छ ।

मतयाःको अवधिमा श्रावणशुक्ल पूर्णिमाका अघिल्लो दिन कुम्भेश्वर महादेव समक्ष नौबाजा बजाएपछि (शाक्य, २०७०.... ३७) विधिवत् रूपमामतयाः पर्वको प्रारम्भ भएको मानिन्छ । भाद्र कृष्ण द्वितीयाका दिन मतयाः आयोजना गरिएको स्थलमा इच्छुक सम्पूर्ण भेलाभई वज्राचार्य पुरोहितको नेतृत्वमा यात्रा प्रारम्भ गर्ने गर्छन् । यस दिन तपरत सिद्धार्थ गौतममाथि

मारगणले आक्रमण गरेको प्रतिक स्वरूप बाघमुखे, हात्तीमुखे, भालु जस्तो जीवहरूका साथै विचित्र सैन्य वलका पात्रहरू हातहतियारसहित हाउभाउ गरी नगर प्रदक्षिणा गर्ने गर्छन् । बुद्धलाई बुद्धत्व प्राप्त गर्न नदिनका लागि मारका राजा कृष्णवन्धुले आफ्ना छोरीहरू अप्सराको रूपमा पठाइ बुद्धलाई कामबासना जगाउने जस्ता अभिनय यस पर्वमा गरेको पाइन्छ । बुद्धमाथि मायाजालको प्रभाव पार्नका लागि ती अप्सराहरूले मोहिनीरूप धरी मुसुक्क हाँस्ने, कर्के आँखाले हेरी मोहित तुल्याउने वा प्रजनन अंगतर्फ लक्षित गरी यौनजन्य हाउभाउ गरी झाँकी प्रदर्शन गर्ने परम्परा रहेको छ (डंगोल, २०७४: ५९) । सिद्धार्थ गौतमबुद्ध लुम्बिनीमा पदार्पण भएको स्मरण स्वरूपमतयाःका दिन शिव, ब्रह्मा, बिष्णु, इन्द्र, वरुण, अग्नि, वायु, कुबेर, यमराज, सरस्वतीलगायतनाग, यक्ष, ऋषिमुनि लगायत देव, दानव, गन्धर्व, किन्नर, ख्याक, कंकाल लगायतका पात्रहरू बुद्धको स्वागतार्थ नगर प्रदक्षिणा गर्ने गर्छन् । नगरको विभिन्न स्थानमा स्थापित बुद्धसँगै स्तूप, चैत्यहरूको प्रदक्षिणा गरी पूजा गर्ने गर्छन् । शिव भेषधारीको अनिवार्य उपस्थिति रहने मतयाःमा पितृमोक्षका लागि बाटो नाप्दै (बाटोमा साष्टाङ्ग दण्डवत गरी) हिंडने व्यक्ति र महादीप बाली हिंड्नेहरू विश्राम गर्न हुन्नभन्ने मान्यता छ । मतयाःमा पुरुषहरू मोहिनी महिलाको भेषभुषामा र महिलाहरू पुरुषको भेषभुषामा झाँकीसहित नगर प्रदक्षिणा गर्ने गर्दछन् । झाँकी प्रदर्शनको क्रममा एउटै भेषभुषामा सजिएका पुरुष वा महिलाहरू घाँटीमा भिमसेन पाटी वा रुग्मिणी फूल (स्थानीय भाषामा *हँयूचापालि स्वाँ*) को माला पहिरी कर्ताल नाच नाच्दै आउँछन् (डंगोल, २०६७: ३३-३४) । त्यसैगरी झुत्रोझाम्रो लुगा, बोराको लुगा लगाई भकुण्डो जस्तै लडीबुडी गर्दै हास्यरसले युक्तधेकेग्वारा (झुम्रो) नाचलगायतका नाच्ने गरिन्छ । मतयाःमा सहभागी नर्तकहरूले यस दिन बिहानै स्नान गरी शुद्ध हुनुपर्ने, उनीहरूको सौन्दर्यबाट मोहित हुन सक्ने संभावनालाई ध्यानमा राखेर जन्तर लगाउनुपर्ने, आफ्नै समुहसँग मात्र कुरा गर्नुपर्ने, औंलामा *बारहाअंगू* (गुफा राख्दा लगाइने औंठी) लगाउनुपर्ने, घाँटीमा *भिम्पु* (मुगाको माला), सिक्काको माला लगाउनुपर्ने र मतयाःमा सहभागी हुनका लागि घर अगाडि दैलोमा बत्ति बालेर जानुपर्ने नियम रहेको छ ।

*दमोखिं*, *धाः*, *श्रृंगभेरी*, *धिमे*, *नायूखिं*, *मृदंग*, *ढोलक*, *कोंचाखिं*, *नगरा*, ढ्यांग्रो, *दह*, मादल, जोर *नगरा*, *खैंजरी*, काशीबाजा, दक्षिण बाजा, *काहा*बाजा, डमरुसहितको बाजाले सिंगो ललितपुर नै गुञ्जायमान हुने यस पर्वको विशेष आकर्षण बाजा *दमोखिं* रहेको छ । ललितपुर राजदरबारको प्रांगणमा अनिवार्य रूपमा बजाउनुपर्ने यो बाजामा भैरव, काली र कुमारीको मुखुण्डोले सुसज्जित रहेको हुन्छ । ललितपुर भित्रका दश टोल बीच पालैपालो आयोजना गरिने मतयाःको भोलिपल्ट बुंगमति गएर नौबाजा बजाउने परम्परा रहँदै आएको छ । बुंगमति गई नौ बाजा प्रदर्शन गरिसकेपछि त्यसको भोलिपल्ट स्वयम्भुमा नौ बाजा बजाउने गरिन्छ । मतयाः पछिको पहिलो बुधबार बन्देपुर (बरेगां) स्थित षड्क्षरी लोकेश्वर चैत्यको दर्शन र पूजा गरिन्छ । यस पर्वमा मतयाः सम्पन्न भएको चौथो दिनमा गणेशपूजा गरी आगामी वर्ष पर्व आयोजना गर्ने टोललाई जिम्मेवारी सुम्पिएपछि मतयाःपर्व विधिवत रूपमा सम्पन्न हुन्छ (वज्राचार्य,२०६३,पृ २) । पितृमोक्ष र बुद्धले मारविजय गरेको खुशियालीमा मनाइने मतयाःमा सहभागीहरूले दियो, कुचो, चौछत्र, सर्पदण्डि, कपुर, भेटी, चामल, हर्रो, पुस्तक, मैनफूल र विभिन्न किसिमका रोटीहरू नगरको विभिन्न स्थानमा रहेको स्तूप, चैत्य र मठमन्दिरमा चढाउने गर्छन् । ललितपुरको चार दिशामा रहेको लगनखेल स्तूप, पुल्चोक स्तूप, ईबही स्तूप र तेताथूर (ग्वार्को) अनिवार्य प्रदक्षिणा गर्नु पर्ने परम्परा रहेको छ ।

**मतयाः पर्वको औचित्य**

मतयाःपर्वलाई ललितपुरका बौद्ध धर्मावलम्वीहरूले विशेष स्थान दिए पनि यो पर्व पितृमोक्षका लागि आयोजना गरेको देखिन्छ । सिंहकेतु राजाको कथाबाहेक मतयाः पर्वको अवसरमा विभिन्न मठमन्दिर, चैत्य एवं स्मारकहरूको प्रदक्षिणा गर्ने क्रममा अधिकांश रूपमा मृतकको नाममा स्थापित चैत्य प्रदक्षिणा गरी दीपदान गर्ने गरिन्छ । बौद्ध मत अनुसार आफन्तजनको निधनमा पितृमोक्षका लागि केश, दन्त वा शरीरको कुनै पनि अवशेष राखी बनाइएको शारीरिक चैत्य, मृतकले प्रयोग गरेको वस्तु राखी निर्मित परिभोग चैत्य, मृतकको नाममा बुद्धका उपदेश संग्रहित ग्रन्थ राखी निर्मित धर्मचैत्य र बुद्धको जीवनी र दर्शन सम्वन्धी मूर्तिहरू गर्भगृहमा राखी पितृमोक्षको लागि बनाइएको उद्देश्यिक चैत्य बनाउने परम्परा रहेको छ । बुद्ध महापरिनिर्वाण

हुनुभन्दा धेरै अघि नै सिद्ध एवं प्रतिष्ठित व्यक्तिहरूको निधनमा चार दोबाटोमा राखी दाहसंस्कार पछि सोही स्थलमा माटोको ढिस्को उठाइ स्मारक बनाउने विधान रहेको थियो (खनाल, २०५२: ५४) । जुन बुद्धकालमा पनि निरन्तरता पाएका थिए भने सोही क्रममा मृतकको नाममा चार प्रकारका चैत्य बनाई मोक्षका लागि प्रदक्षिणा गर्ने पद्धतिको विकास भएको थियो । यसरी विकास भएको चैत्यलाई नै परिक्रमा गरी पितृमोक्षका लागि मतयाः पर्व केन्द्रित रहेको छ । ललितपुरमा मात्र पितृमोक्षको लागि प्रचलनमा रहेको *मतयाः* पर्व जस्तै काठमाडौँमा भने भाद्रशुक्ल द्वादशीका दिन उपाकुको नाममा पर्व संचालनमा छ ।

## सहअस्तित्वको सिद्धान्त

प्रत्येक परिवारले आ–आफ्नापितृको मोक्षका लागि विभिन्न किसिमका धार्मिक गतिविधि गर्ने गर्छन् । तर मतयाः पर्व परिवारभित्रै मात्र सीमित छैन । यस अवसरमा नगर भित्र पितृको निर्वाणका लागि वा संस्मरण स्वरूप स्थापित जो-कोहीको चैत्यहरू प्रदक्षिणा गर्दै दियो चढाउँदै राँगाको सिङको बाजा बजाउने गर्छन् ।

## सांस्कृतिक एकताको पर्व

उपत्यकाको बौद्ध संस्कृतिमा काठमाडौँको विशिष्ट स्थान रहेको छ । प्रत्येक बौद्ध संस्कृति अनुसार काठमाडौंको स्वयम्भू चैत्यलाई बौद्ध समुदायले विशेष स्थान दिने गरिन्छ । मतयाः पर्वमा भने स्वयम्भू चैत्यलाई भन्दा पनि ललितपुरको कुम्भेश्वरलाई विशेष स्थान दिइएको पाइएको छ । श्रावणशुक्ल पूर्णिमाका रातमा मतयाः आयोजकहरूले कुम्भेश्वर मन्दिर प्रांगणमा गएर नौ बाजा बजाई मतयाःको प्रारम्भ गर्ने गर्दछन् । बौद्ध मतअनुसार अनिवार्य रूपमा पूजिनु पर्ने स्वयम्भूलाई यस पर्वले *मतयाः* सम्पन्न भइसकेपछि मात्र समावेश गर्ने गरिन्छ । *मतयाः*मा बुद्धका मूर्ति १४२, चैत्य ७३९, धर्मधातु चैत्य २६५, महाकाल १२१, गणेश ८८, कुमारी, हारतीमाता, गजलक्ष्मी, हरिसिद्धि, नारायण, अष्टमातृका, सरस्वति, ब्रह्माका मूर्ति आदि गरी १६११ स्थलमा पूज्ने र दीप चढाउने गरिन्छ (शाक्य, २०७४: ९४) । त्यसैगरी शिवगणका साथै भूतप्रेत, पिशाच, विभिन्न रूप रङ्गका विचित्र पात्रहरूको अनिवार्य उपस्थिति रहने मतयाःमा तान्त्रिक मतअनुसारको भैरव, कुमारी र कालीको मुकुण्डो रहेको *दमोखिं* बाजा बिना *मतयाः*को प्रारम्भ नै गरिन्न । *दमोखिं*मा रहेको भैरव, कुमारी र कालीलाई बुद्ध धर्मावलम्वीहरूले बुद्धको आज्ञा चक्रबाट निस्केको रश्मिबाट उत्पन्न दश क्रोध भैरवको प्रतिकको रूपमा भैरव, शक्तिकाली र महालक्ष्मीको रूपमा लिने गरिन्छ (शाक्य, ११९७: २२) ।

## सांगीतिक महोत्सव

*मतयाःमाधाः*, *श्रृंगभेरी*, *दमोखिं*, *धिमे*, *नाय्खिं*, मृदंग, ढोलक, *कोंचाखिं*, *नगरा*, ढ्यांग्रो, दह, मादल, जोर *नगरा*, *खैंजरी*, काशीबाजा, दक्षिण बाजा, *काहा* बाजा, डमरुको कर्णप्रिय संगीतले सिंगो वातावरण गुञ्जायमान हुने गर्दछ । यी बाजाहरू बजाइ विभिन्न ३२ स्थानका देवदेवीसमक्ष विभिन्न राग र तालमा बाजा प्रस्तुत गर्ने गरिन्छ । *मतयाः*मा *कोला*, *जयश्री*, *विजय*, *नट*, *विभास*, *सारंगी*, *कोला*, *इमन*, *मल्लार*, *माल*, *जेजेवन्ति*, *बल्लारी*, *केदार* राग बजाइन्छ भने तालमा *थकता*, *पलेमा*, *चौमा*, *तिमां*, *धलंजति*, *पंचमा*, सातमा, *कहरा*, एक ताल जस्ता ताल प्रयोग गरिन्छ । संगीतमा विविधता रहेकोले यस पर्वलाई सांगीतिक पर्वको रूपमा लिन सकिन्छ ।

## *मतयाः*पर्व साध्य, साधना र साधनको संगम

*मतयाः*लाई सुक्ष्म रूपमा नियालेको खण्डमा यसमा तिन पक्ष रहेको छ । साध्य, साधना र साधन । दिवगंतहरूको जन्ममरणको दुःखबाट मुक्त हुन सकोस्, पुनःपुनः जन्म लिन नपरोस् वा सुखावति भूवनमा वास बसोस् भनी कामनार्थ आयोजना गरिने भएकोले यस पर्वलाई साध्यको रूपमा लिन सकिन्छ । त्यसै गरी साउन महिना तुलनात्मक रूपमा वर्षा र मध्य दिनमा तापक्रम बढ्न पुगी रोग व्याधी बढ्ने समयको रूपमा लिइन्छ । यसरी वर्षा र तापक्रमको बृद्धिले अकाल मृत्युको संभावना बढ्ने भएकोले त्यसको निराकरणका लागि बुद्धको शरणमा गएर धर्म गर्ने लक्ष पनि पर्वले समेटेको पाइन्छ ।

यो पर्वलाई साधनाको रूपमा पनि लिन सकिन्छ। बिना साधना सिद्धि प्राप्त नहुने भएकोले *मतयाः*को अवसरमा *बोगी* जाने, *मतयाः*, *न्यकूबाजा* (श्रृंगभेरी) बजाउने कार्यलाई साधनाको रूपमा लिने गरिन्छ (शाक्य, २०७०: १)। साध्यसम्म पुग्नका लागि साधकले *दमोखिं*, *कोंचाखिं*, पंचताल, मृदंग बाजाहरू बजाई साथै धूप, दीप र नैवेद्यहरूलाई साधनको रूपमा प्रस्तुत गरेको देख्न सकिन्छ।

**जल सुरक्षा पर्व**

प्रत्यक्ष रूपमा मृतकको आत्माको शान्ति वा पितृमोक्षको लागि यो पर्वको रूपमा आयोजना गरे तापनि यसभित्र जलसुरक्षाको उद्देश्य पनि समावेश गरिएको पाइन्छ। भौगोलिक रूपमा दक्षिणबाट उत्तर भिरालो रहेको ललितपुर नगरमा पानी संचय गर्न कठिनाइ हुने अवस्थालाई ध्यानमा राखेर *मतयाः*का दिन नगरको चार दिशामा रहेको अशोक स्तूपको प्रदक्षिणाको नाममा जलसुरक्षा गर्न जाने गर्छन्। तुलनात्मक रूपमा साउन महिनामा अधिक वर्षा भई राजकुलो भत्किने एवं पोखरीहरू प्रदुषितहुने संभावना रहेकोले *मतयाः*का दिन *मतयाः*मा सहभागीहरू अनिवार्य रूपमा अशोक स्तूपहरूमा पुग्ने गर्दछन। ललितपुरको जल प्रणालीको प्रमुख स्रोतको रूपमा रहेको लगनखेलको सप्तपाताल पोखरीबाट कुमारीपाटी, *तफाल्हों*, जावलाखेल हुँदै पुल्चोक स्तुपमा रहेको *पलेस्वां पुखू*मा पानी वितरणको व्यवस्था मिलाइएको पाइएको छ। स्थानीय रूपमा सम्राट अशोकले स्थापना गरेको भन्ने किंवदन्ती बोकेको लगनखेलको स्तूप, पुल्चोक स्तूपसँगै ग्वार्कोको तेता*थूर* र इबही *थूर*हरू ललितपुरका पानी प्रणालीसँग सम्वन्धित देखिन्छ। ललितपुर नगरभित्र पानीको उचित प्रवन्धका लागि बनाइएका पोखरीको मध्यमा रहेको यी *थूर*का माध्यमबाट नै नगर भित्र राजकुलोको व्यवस्था गरिएको मानिन्छ। *मतयाः*का दिन यी स्तूप अनिवार्य रूपमा प्रदक्षिणा गर्ने गरिन्छ। *मतयाः* पर्व सहज रूपमा सम्पन्न होस् भनी पन्ध्र दिन अघिदेखि प्रारम्भ गरिने *बोगी*को अवसरमा *मतयाः* मार्गमा देखिएको व्यवधान समाधान गर्नुका साथै सफाइ गर्ने र राजकुलोको मर्मत संभार गर्ने उद्देश्य रहेको देख्न सकिन्छ। हाल आएर ललितपुर नगर भित्र राजकुलो नासिएपछि राजकुलो मर्मत गर्ने कार्यमा भने विश्राम लाग्न पुगेको छ।

**निष्कर्ष**

उपत्यकामा प्रचलित कतिपय चाडपर्वहरूलाई फुर्सदको उपजको रूपमा व्याख्या विश्लेषण गर्नु कतिपय अवस्थामा युक्ति संगत हुँदैन। *मतयाः* पर्वले प्रत्यक्षरूपमा सिद्धार्थ गौतमले मारविजय गरेको र भद्रसिंह केतुको पुर्नजन्मको धार्मिक कथासँग यो पर्व केन्द्रित रहे पनि पर्वभित्र निहित पक्षले यसलाई विस्तृत अर्थमा विस्तार गरेको पाइन्छ। यस पर्वमा पितृप्रतिको आस्था र तिनीहरूको निर्वाणको कामना गर्दै मठ-मन्दिर प्रदक्षिणा गर्ने भए पनि धार्मिक सहिष्णुतालाई कायम राखी जातीय एवं धार्मिक भेदभाव रहेको पाइन्न। त्यसै गरी यस पर्वले सांस्कृतिक कलात्मक प्रस्तुती, स्थानीय उपलव्धतामा आधारित खाद्यवस्तु एवं कलाकारिताको प्रदर्शन र सामाजिक जीवन कायम राख्नका लागि पानी प्रतिको सचेतनतामा निहित रहेको छ। प्रचलित धार्मिक कृतिहरूको आडमा मात्रै पर्व संचालन गर्नुपर्छ भन्ने मान्यतालाई *मतयाः* पर्वले अस्वीकार गरी स्थानीय रूपमा पनि पर्व संचालन गर्न सकिने दर्शाएको छ। तसर्थ *मतयाः* पर्व मात्र पर्वका लागि पर्व नभई सामाजिक सद्भाव, विचार र आचारको अनुपम नमूना हो। जसले सिंगो उपत्यकाको सभ्यतालाई दर्शाउन सहयोग पुर्‍याएको छ।

**सन्दर्भ सामग्री सूची**

डंगोल, काजीमान, (वि. सं. २०६७),'मादलबाजं *मतयाः*प्याखँ, ३१–३४',*न्यकू जात्रामतयाः स्मारिका*, २०६७।

डंगोल, काजीमान, (वि. सं. २०७४),'*मतयाः* छगू लू, ५८–५९',*न्यकू जात्रामतयाः स्मारिका २०७४*।

वज्राचार्य, आशाकाजी, (ने.सं ११०७), *नेपालवर्ष क्रियानखःचखः पुस्तकम्*, यलः आशाकाजी वज्राचार्य।

वज्राचार्य, महिश्वरराज, (वि.सं. २०७०),'*मतयाः*या पृष्ठभूमि, १–५', *न्यकूजात्रा-मतयाः २०७०*।

वज्राचार्य, हेराकाजी, (वि.सं. २०६३),'ज्येष्ठवर्ण महाविहार, ज्याबाहाःबही छगू अध्ययन, १-२०',*मतयाः स्मारिका २०६३*।

शाक्य, बुद्धरत्न, (विसं २०७४), झीजानाः संस्कार ल्यंकाः तयूनु, *न्यकू जात्रा मतयाः स्मारिका २०७४*।

शाक्य, बुद्धाचार्य, (वि.सं. २०६७), '*मतयाःयालसताय्* मरिया महत्व, १९–२३', *न्यकू जात्रामतयाः स्मारिका २०६७।*

शाक्य, यज्ञमान, (वि.सं. २०७४), 'मतयाःबलय् चाःहिलेमाःगु द्यःपिनिगु ल्याः, ९०–९५', *न्यकू जात्रामतयाः स्मारिका २०७४।*

शाक्य, वज्रराज, (वि.सं २०६७), 'मतयाःदीपयात्रा साध्य, साधना व साधन, १–५', *न्यकू जात्रामतयाः स्मारिका २०६७।*

शाक्य, शुक्रराज, (वि.सं. २०७४), 'गुंलायामहिमा व बोगी, ६०–६२' *न्यकू जात्रामतयाः स्मारिका २०७४।*

शाक्य, हेमराज, (ने.सं. ११९७), *गुँला धर्मया महत्व व थ्वयाज्याझ्वः*, यलः हिरण्यवर्ण महाविहार।

शाक्य, हेमराज (वि.सं. २०७०),'यल नगरय् नेवाःतय्सं गुँलां हनिगु थीथीनखःचखः व जात्रापर्वया संक्षिप्तम्हसिका, ३५–४१', *न्यकू जात्रा –मतयाः २०७०।*

Dhakhwa, B.R. (V.S. 2074). 'Glimpse of NekuJatraMataya and Essence of Traditional Newari Musical Ensemble (Navabaja) Associated with it. pp. 34-37'. *Nyaku Jatra Mataya Smarika 2074* .

Wright, Daniel (1877). *History of Nepal*. London: The University Press.